# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।१२ गते ।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला मकवानपुर, हेटौंडा उपमहानगरपालिकास्थित यातायात व्यवस्था कार्यालय, हेटौंडामा कार्यरत अधिकृत छैटौं अमृत भेटुवालले सवारी सरूवा सहमति गर्ने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडाबाट खटिई गएको टोलीले बिचौलिया लेखापढी व्यवसायी खगेन्द्र पौडेलले सेवाग्राहीबाट रू. ११,५००।- (एघार हजार पाँच सय रूपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा निजहरू दुवै जनालाई नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा यातायात व्यवस्था कार्यालय हेटौडा, मकवानपुरका अधिकृत छैटौं अमृत भेटुवाल र लेखापढी व्यवसाय (बिचौलिया) गर्ने भनिएका खगेन्द्र पौडेलसमेतको आपसी मिलेमतो तथा योजनामा सवारी सरूवा सहमति दिनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरी बार्गेनिङ गरी गराई रू.११,५००।- (एघार हजार पाँच सय रूपैयाँ) घुस/रिसवत रकम लिन सहमति भई प्रतिवादीहरू अमृत भेटुवाल र खगेन्द्र पौडेलको पूर्वयोजना तथा सहमति बमोजिम घुस/रिसवत लिएको स्थापित भएकोले **प्रतिवादी अमृत भेटुवाललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.११,५००।—(एघार हजार पाँच सय रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन, साथै **प्रतिवादी खगेन्द्र पौडेल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम बिगो रू.११,५००।—(एघार हजार पाँच सय रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने